# धार्चे गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः ७ संख्याः १३

मितिः २०८१।०९।६

## भाग-२

## धार्चे गाउँपालिका

# धार्चे गाउँपालिकाको
# महिला सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि-२०८१

**प्रस्तावना :**

धार्चे गाउँपालिकालाई महिला मैत्री गाउँपालिकाको रुपमा स्थापित गराउन महिला शसक्तिकरण र सवलीकरण गर्नुपर्छ । जबसम्म महिलाहरु आर्थिक रुपमा सबल र सक्षम हुदैनन् तव सम्म सामाजिक न्याय कायम हुन सक्दैनन् भन्ने कुरालाई ध्यानमा राखेर महिला सशक्तिकरण कार्यक्रम सन्चालन गर्न लागिएको हो । यो कार्यक्रमले धार्चे गाउँपालिका भित्र भएका महिलाहरुको क्षमता अभिवृद्धि गरेर उद्यमशिलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मूलन आदि कार्यहरु गराउनको लागि वर्तमान नेपालको संविधान र स्थानीय सरकार संचालन कार्यविधि अन्तर्गत प्रस्तुत महिला शक्तिकरण कार्यक्रम संचालन क"ार्यबिधि" स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यापालिकाबाट पारित गरी जारी गरिएको छ ।

**१. प्रारम्भिक :-**

यो कार्यविधि गाउँसभाबाट पारित भएको मिति देखि लागु हुने छ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

१. "कार्यक्रम" भन्नाले महिला शशक्तिकरण कार्यक्रम सम्झनु पर्दछ ।

२. "कार्यपालिका" भन्नाले धार्चे गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

३. "अध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

४. "उपाध्यक्ष" भन्नाले धार्चे गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

५. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धार्चे गाउँपालिकाको प्रशासनको प्रमुख भै काम गर्ने अधिकृतलाई सम्झनु पर्दछ ।

६. "कार्यविधि" भन्नाले महिला शशक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०८१ लाई सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य ः-**

१. धार्चे गाउँपालिकालाई महिलामैत्री गाउँपालिका बनाउने ।

२. लैङ्गिक हिंसालाई न्यूनिकरण गर्दै पिडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने ।

२. महिलाहरुको क्षमता अभिवृद्धि गराउदै आर्थिक रुपमा सबल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने ।

४. महिला तथा बालबालिकाहरुको सर्वाङ्गिण विकास मार्फत जीवनमा सकारात्मक परिर्वतन ल्याउने ।

**४. कार्यक्रमको क्षेत्रः-**

१ . प्रस्तावनाको उद्देश्य पुरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन् ।

(क) चेलीबेटी तथा मानव वेचविखन विरुद्धको सचेतना अभियान सम्बन्धि कार्यक्रम

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम

(घ) पारिवार स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रम

(ङ) लागुऔषध नियन्त्रण कार्यक्रम

(च) कानुनी सचेतना कार्यक्रम

(छ) एकल महिलाको सम्पत्ति अधिकार

(ज) वालवालिका तथा जेष्ठ नागरिकहरुको संरक्षण तथा सम्बंदन गर्ने कार्यक्रमहरु

(क) वैवाहिक महिलाको नागरिकता, नाबालकको जन्म दर्ता सम्बन्धी अधिकार

(ञ) महिलाको आर्थिक आयआर्जनसंग प्रत्यक्ष सहयोग पुर्‍याउने र उद्यमशीलताको विकास गर्ने सीपमुलक कार्यक्रमहरु

**५. कार्यक्रमका रणनीतिः-**

(क) क्षेत्रगत कार्यक्रममा महिलाका अधिकारलाई आन्तरिकीकरण गर्ने

(ख) प्रभावित महिला, बाललालिकालाई नियमित सेवा दिने

(ग) अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण

**६. सञ्चालक समिति गठन सम्वन्धी व्यवस्था ः-**

६.१. कार्यक्रम संचालनका लागि देहाय बमोजिम नौ सदस्यीय संचालक समिति रहनेछ ।

अध्यक्ष : उपाध्यक्ष,

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्य : कार्यपालिकाको पाँच जना सदस्य (कार्यपालिकाले मनोनयन गरेका २ जना सदस्य महिला)

सदस्यः उद्यमशीलता क्षेत्रमा काम गरेका दुई जना महिला अध्यक्षले तोकेको ........

सदस्य सचिवः सामाजिक विकास शाखा प्रमुख, धार्चे गाउँपालिका

पुनश्चः आवश्यकता अनुसार कार्यालयका कर्मचारीलाइ बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

६.२. समितिको बैठकमा विज्ञ व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

६.३. संचालक समितिको कार्य जिम्मेवारी :

१. कार्यक्रम संचालन सम्वन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

२. सिप विकास/महिला उद्यमशिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन गर्ने ।

३. कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।

४. वडास्तरवाट उद्यमसिलता, विकास, रोजगारी सिर्जना र महिला शसक्तिकरण गर्न सिप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको लागत संकलन गर्ने ।

५. उपाध्यक्षसँग महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु गरिने छ ।

५.१. खेलकुद, निर्माण, कृषि, व्यवसायिक कामहरुलाई लक्षित उद्यमशिलता, रोजगार मुलक, घरेलु मौलिक परम्परागत ज्ञान, सिप विकास तथा क्षमता अभिवृद्धि तालिम ।

५.२. स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषिजन्य उत्पादन, वजारीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।

५.३. धार्चे गाउँपालिका क्षेत्र भित्रका महिला लक्षित कार्यक्रमहरु ।

**७. कार्यक्रम छनोट तथा कार्यन्वयन :-**

७.१. 'महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालक समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

७.२. महिला सशक्तिकरण तथा सिप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्नेछ ।

७.३. वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी बढाउन स्वीकृत दिन सक्ने छ। कार्यक्रमको प्रभावकारीताको अनुगमन महिला शसक्तिकरण कार्यक्रम संचालन समितिले गर्नेछ ।

७.४. संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृति गराएर महिला उद्यमशिलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।

७.५ विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिने। (एकल महिला , हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला ।।

**८. बैठक सम्बन्धी व्यवस्थाः-**

८.१. समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक वस्ने छ। तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला बैठक आव्हान गर्न वाधा पर्ने छैन ।

**९. कोष सम्बन्धी व्यवस्थाः-**

९.१ कार्यक्रम संचालनको लागि आवश्यक वजेटको व्यवस्थापन गाउँ सभाले गर्नेछ ।

९.२ कार्यक्रम सञ्चालन आवश्यक गाउँपालिकाको प्रचलित आर्थिक प्रशासन एवं सार्वजनिक खरिद कानून अनुसार हुनेछ ।

**१०. विविध :-**

कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

१०.१ व्याख्या गर्ने अधिकार कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्बन्धमा कुनै दुविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार संचालक समितिमा रहनेछ ।

१०.२ संसोधन सम्बन्धी व्यवस्था कार्यविधिको कुनै व्यवस्था संसोधन गर्नु परेमा गाउँ सभाले गर्नेछ ।

१०.३ वाधा अड्काउ सम्बन्धी कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका सम्बन्धमा वाधा अड्काउ परेमा सो को व्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

१०.४ निर्देशन दिन सक्ने कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका लागि गाउँकार्यपालिकाले आवश्यक उपसमितिहरु गठन गरि कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ ।